# *FP&M* को सफलताको मापदण्ड

# एउटा बलियो जग बनाउने

*FP&M* मा हामी तब सफल हुन्छौं जब हामीले हाम्रो सफलतामा सकारात्मक योगदान पुर्‍याउने सीप र व्यवहारहरू झल्काउँदछौं र विकास गर्दछौं।




*FP&M* मानव संसाधन | 30 N. Mills Street, Suite 362 | ईमेल: fpmhr@fpm.wisc.edu

Facilities Planning
& Management
UNIVERSITY OF WISCONSIN-MADISON

# एउटा बलियो जग बनाउने

**निर्देशन:** थप सिक्न र सीपहरू बढाउन चाहनुहुने क्षेत्रहरूको बारेमा सोच्नुभएर यो आत्म मूल्याङ्कन पूरा गर्नुहोला। तपाईंको सुपरभाईजरसँगको कुराकानीहरूमा तपाईंको पेशागत विकासको योजना बनाउन यसलाई गाइडको रूपमा चलाउनुहोला।

**नाम:**________________________________ **मिति:**___________________________

**मूल्याङ्कनका यी नापहरू चलाउनुहोला:**

१ = तपाईंले के भन्नुभएको मैले बुझिनँ; मसँग सुधार गर्ने असीमित क्षमता छ

२ = मलाई थाहा छ यो के हो; तर म यो गर्न सक्दिनँ

३ = मलाई यसमा केही सहयोग चाहिएको छ

४ = मैले यसमा ठीकै काम गरिरहेको छु

५ = हो! यो हो मेरो बल!

| सबै कर्मचारीहरू | |
|---|---|
| **सिक्ने अनि बढ्ने** | |
| | भविष्यको लागि तयारी गर्ने: प्रवृत्ति र अनुसन्धानको बारेमा ज्ञात रहने। सिकेको कुरा काममा लागू गर्ने |
| | आत्म जागरूकता विकास गर्ने: पहिचानहरू र सो कुराले अचेत पूर्वाग्रहलाई कसरी प्रभाव पार्छन् बारेमा थाहा पाउने। समावेशी र सांस्कृतिक रूपमा सक्षम व्यवहार विकास गर्न विविध दृष्टिकोण र अनुभवहरूको विचार गर्ने |
| **संलग्न भएर सेवा प्रदान गर्ने** | |
| | जाति, लिङ्ग, यौनिक अभिमुखीकरण, अशक्तता, उमेर, धर्म र संस्कृति नहेरी सबैका लागि स्वागतमय र समावेशी कार्य वातावरण बनाउने |
| | ध्यान दिएर सुन्ने, दुई-तर्फी प्रतिक्रिया र रचनात्मक द्वन्द्व व्यवस्थापन मार्फत सहकर्मीहरू, सुपरभाईजरहरू र ग्राहकहरूसँग सहकार्य सम्बन्धहरू बनाउने |
| | सबै आन्तरिक र बाह्य ग्राहकहरूलाई बोली र कार्यमा आदरको साथ व्यवहार गर्ने |

| | |
|---|---|
| | चुनौतीपूर्ण परिस्थितिहरू शान्त र विनम्र तरिकाले सामना गर्ने |
| | सहकर्मीहरूलाई सिक्न र बढ्न सहयोग गर्ने |
| **प्रभावकारी रूपमा काम र कुराकानी गर्ने** | |
| | सही, प्रभावकारी रूपमा र व्यावसायिक मापदण्ड अनुसार आफ्ना कामहरू गर्ने |
| | प्रभावकारी मौखिक र लिखित सञ्चार सीपहरू झल्काउने |
| | कामको जिम्मेवारी स्वीकार गर्ने र गर्छु भनेका कुराहरू पूरा गर्ने |
| | समयनिष्ठताको पालना गर्ने र अनुपस्थिति अनुरोधहरूको प्रक्रिया पालना गर्ने |
| | इमानदार र नैतिक व्यवहार झल्काउने |
| **निरन्तर सुधार गर्ने** | |
| | डाटा सूचित निर्णय प्रक्रिया प्रयोग गरी कार्य उत्पादन र प्रक्रियाहरू सुधार गर्न पहल गर्ने |
| | बदलिने प्राथमिकताहरू र कार्य प्रक्रियाहरूमा सजिलै मिल्न चाहने |
| **सुरक्षित र स्वस्थ हुने** | |
| | कार्यस्थल सुरक्षाका मार्गदर्शनहरू, प्रक्रियाहरू र प्रोटोकलहरू बारे थाहा पाउने र पालना गर्ने |
| | व्यक्तिगत सन्तुलन र भलाइ समर्थन गर्न स्रोतसाधनहरू र अभ्यास गर्ने बानीहरूको बारे जानकारी लिने |
| | असुरक्षित अवस्था वा सुरक्षा खतराहरू उत्पन्न भएमा उपयुक्त कदम चाल्ने र सुपरभाईजरलाई सूचित गर्ने |
| **दिगो हुने** | |
| | सामानहरूको प्रभावकारी उपयोग गर्ने कुरा झल्काउने र सो गर्न सिक्न जारी राख्ने |
| | *UW–Madison* का सम्पत्तिहरू सुरक्षित गर्न प्रक्रियाहरू र डाटा सुरक्षा नियन्त्रणहरूको पालना गर्ने |
| **विशेष परियोजनाहरू** | |
| | यदि लागू भएमा: विशेष परियोजनाहरू, समितिहरू वा साझा प्रशासनमा काम गर्ने |

# सुपरभाईजरका थप सीपहरू र व्यवहारहरू

| | |
|---|---|
| **अगुवाको रूपमा व्यवहार गर्ने** | |
| | *FP&M* को उद्देश्य र रणनीतिक दिशामा कर्मचारीहरूलाई संलग्न गर्ने |
| | विविधतालाई महत्त्व दिने स्वागतमय, समावेशी वातावरण बनाउन आत्म जागरूकता र आत्म विकासको उदाहरण बन्ने |
| | सबैको योगदानलाई प्रोत्साहन दिएर, सम्मानपूर्वक तरिकाले सुनेर र भिन्नताहरूको मूल्याङ्कन गरेर भरोसाको सम्बन्ध बनाउने |
| | निरन्तर शिक्षा प्रोत्साहन गरेर चुनौतीपूर्ण कामहरू प्रदान गरेर कर्मचारीको पेशागत विकासलाई समर्थन गर्ने |
| | समर्थन स्रोतसाधनहरूको बारेमा सिकेर कामको भार व्यवस्थापन गरेर कर्मचारीको भलाइलाई समर्थन गर्ने |
| | व्यवहार र परिणामहरूको बारेमा कुराकानीमा अरूलाई बोलाएर रचनात्मक रूपमा द्वन्द्वलाई सम्बोधन गर्ने |
| | सफलताको लागि तालिम दिने ताकि टोलीको प्रत्येक सदस्यलाई थाहा होस् कि उनीहरूबाट के अपेक्षा गरिएको छ |
| **कामको तरिका देखाउने** | |
| | स्पष्ट रूपमा परिभाषित र राम्रोसँग अनुसन्धान गरिएका निर्णयहरू समयमै बनाउने |
| | कार्यबल योजना, कार्यसम्पादन व्यवस्थापन र प्रभावकारी तरिकाले काम बाँडेर सेवाहरूको व्यवस्थापन गर्ने |
| | डाटा सञ्चालित निर्णय लिने माध्यमबाट सेवाहरू सुधार गर्ने मेट्रिकहरू बनाएर सञ्चार गर्ने |
| | *UW–Madison* का सम्पत्तिहरू सुरक्षित गर्न बजेट, प्रक्रियाहरू र डाटा सुरक्षा नियन्त्रणहरूको व्यवस्थापन गर्ने |